# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सप्तरी विष्णुपुर गाँउपालिका वडा नं. १, ४ र ५ का वडा सचिव संजय कुमार देव तथा उक्त गाँउपालिकाका निमित्त कार्यकारी अधिकृत (ना.सु.) मिश्रीलाल यादवले सडक योजनाको कार्य सम्पन्न भईसकेपश्चात भुक्तानी दिने प्रयोजनका लागि निकाशा भएको रकमको २०% घुस रकम सेवाग्राहीसंग माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीबाट खटिई गएको टोलीले निज राष्ट्रसेवकहरुलाई रु. ५३,०००/- (त्रिपन्न हजार) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई बिगो रु.५३,०००/- (त्रिपन्न हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता